# बगर जस्तै

कपिल अधिकारी

बगर जस्तै एकांत छु,मसान जस्तै शांत छु
पैतालाले किल्चि कुल्चि ,बाटो जस्तै मरलांत छु

हुरि जस्तै  धर्मर धर्मर यता त्यता हिंड्छु
बादल जस्तै चोइटि चोइटि आकार  छोडि हिंड्छु
सागर ले भित्र भित्र सारा  उकुसमुकुस लुकाउँछ
साँझ झरेको तारा जस्तै बेग रोकि रोकि हिंड्छु

बगर जस्तै एकांत छु,मसान जस्तै शांत छु
उजेलोको ले पोलि पोलिइ सलेदो जस्तै जलांत छु

बर्षात  को किनारा जस्तै   रेटि रेटिइ हिंड्छु
चैत को हिमाल जस्तै   पग्लि बेग्लि   हिंड्छु
खडेरिमा पिल्छिएर  बस्ती घामपानि बोलाउँछ
हाट बजार को माया  जस्तै बेचि बेचिइ हिंड्छु

16 सेप्टेम्बर,2003